**आकाशवाणी समाचार- नेपाली**

मितिः १३ मई २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- मुख्यमन्त्री शुभेन्दु अधिकारीको कडा निर्देशनपछि तिलजला आगलागी घटनामा प्रशासन सक्रिय भएको छ।

- तापस रायले हिज पश्चिम बंगाल विधानसभाको प्रो-टेम स्पीकरको रूपमा शपथ ग्रहण गर्नु भएको छ। उहाँले आज अनि भोली नव निर्वाचित विधायकहरूलाई सपथ दिलाउनु हुनेछ।

- पश्चिम बंगालका नवनियुक्त खाद्य तथा आपूर्ति मन्त्री अशोक कीर्तनियाले हिज राज्यको राशन वितरण सूचीबाट गहुँको पीठो हटाउन आदेश दिनु भएको छ।

- दार्जीलिंगका संसद राजु बिस्टले एक प्रेस बिज्ञप्ति जारी गर्नु हुँदै पश्चिम बंगालका महिलाहरुलाई ऐतिहासिक वित्तीय सहायता प्राप्त हुने भएकोमा प्रशन्नता ब्यक्त गर्नुभएको छ।

- पश्चिम बंगाल सरकारले राइटर्स बिल्डिंगमा अवस्थित न्याय विभागका सबै कर्मचारीहरूको लागि कडा उपस्थिति नियमहरू लागू गरेको छ।

**मुख्यमन्त्री- निर्देश**

मुख्यमन्त्री शुभेन्दु अधिकारीको कडा निर्देशनपछि तिलजला आगलागी घटनामा प्रशासन सक्रिय भएको छ। मुख्यमन्त्रीको निर्देशनपछि कोलकाता पुलिसलाई घटनाको सम्बन्धमा तुरुन्तै स्पष्ट एफआईआर दर्ता गर्न आदेश दिइएको छ। यसबाहेक, मुद्दाको गम्भीरतालाई ध्यानमा राख्दै, राज्य सरकारले मंगलबार उच्चस्तरीय अनुसन्धान समिति गठन गर्न निर्देशन जारी गर्‍यो।

***मंगलबार, राज्यका मुख्य सचिव मनोज कुमार अग्रवालद्वारा हस्ताक्षरित एक आपतकालीन पत्र कोलकाता नगर निगमलाई पठाइएको थियो। पत्रमा स्पष्ट रूपमा आज बिहान ११ बजेसम्म घटनाको विस्तृत प्रतिवेदन बुझाउनु पर्ने उल्लेख गरिएको थियो। यो कडा निर्देशनले कोलकाता नगर निगममाथि दबाब बढाएको छ। अनुसन्धान समितिलाई कोलकाता नगर निगम आयुक्त, कोलकाता पुलिस आयुक्त, अग्नि विभाग र सूक्ष्म, साना तथा मझौला उद्यम विभागका प्रतिनिधिहरू समावेश गर्न निर्देशन दिइएको छ। विशेष गरी, पछिल्ला दुई विभागका अतिरिक्त मुख्य सचिवस्तरीय अधिकारीहरूलाई अनुसन्धान प्रक्रियामा भाग लिन भनिएको छ। समितिले विस्तृत प्रतिवेदन बुझाउनु अघि स्थलको निरीक्षण गर्नेछ, कागजातहरू जाँच गर्नेछ र आगलागीको वास्तविक कारण निर्धारण गर्नेछ। उल्लेखनीय छ, तिलजला आगलागीमा अहिलेसम्म दुई जनाको मृत्यु भइसकेको छ। गम्भीर रूपमा जलेका पाँच जनालाई अस्पतालमा भर्ना गरिएको छ। उनीहरूको अवस्था गम्भीर रहेको बताइएको छ। घटनाको गम्भीरता र ज्यान गुमाउनुलाई ध्यानमा राख्दै, राज्य सरकारले द्रुत अनुसन्धान र कडा कारबाही सुरु गरेको छ।***

**बंगाल- कानुन व्यवस्था**

पश्चिम बंगालमा भारतीय जनता पार्टीको सरकार आएपछि, राज्य पुलिसले कानून व्यवस्था र राजनीतिक हिंसामा कडा अडान लिएको छ। अतिरिक्त पुलिस महानिदेशकले सबै पुलिस आयुक्तहरू, पुलिस अधीक्षकहरू र रेलवे पुलिस अधिकारीहरूलाई धैरै महत्त्वपूर्ण निर्देशनहरू जारी गरेका छन्। यी निर्देशनहरूले २०२१ को विधानसभा चुनावपछि भएका हिंसाका सबै घटनाहरूको

नयाँ जाँच गर्ने आदेश दिइएको छ। लापरवाही पाइएका मुद्दाहरूको पुन: जाँच गरिनेछ। त्यस समयमा दर्ता गरिएका उजुरी र सामान्य डायरीहरूको पनि पुन: जाँच गरिनेछ।

राज्य पुलिसले सबै पुलिस स्टेशनहरूमा भण्डारण गरिएका हतियार र गोला बारुदको प्रमाणीकरण १५ मईसम्म पूरा गर्न पनि निर्देशन दिएको छ। यसपछि, १६ मईदेखि अवैध हतियार, गोला बारुद र विस्फोटक पदार्थ विरुद्ध दुई हप्ताको विशेष अभियान सुरु गरिनेछ। पुलिसले सीमापार तस्करी, अवैध पशु बजार, वधशाला र अवैध खानी विरुद्ध कडा कारबाही गर्न पनि निर्देशन दिएको छ।

**तापस राय- प्रोटेम स्पीकर**

तापस रायले हिज पश्चिम बंगाल विधानसभाको प्रो-टेम स्पीकरको रूपमा शपथ ग्रहण गर्नु भएको छ। राज्यपाल आर.एन. रविले लोक भवनमा आयोजित एक समारोहमा उहाँलाई शपथ दिलाउनु भयो। स्रोतका अनुसार, आगामी 15 मईमा विधानसभा अध्यक्षको निर्वाचन हुनेछ भने तापस रायलाई यस पदका लागि उम्मेद्वार बनाउन सक्ने सम्भवना रहेको छ। प्रो-टेम स्पीकरको शपथ ग्रहण समारोहमा मुख्यमन्त्री शुभेन्दु अधिकारी पनि उपस्थित हुनुहुन्थ्यो। मुख्यमन्त्री हिज बिहान असममा हिमन्त विश्व शर्माको मुख्यमन्त्रीको रूपमा शपथ ग्रहण समारोहमा उपस्थित हुनु भएको थियो। कोलकाता फर्केपछि, उहाँ साँझ सिधै लोकभवन जानु भयो। कार्यक्रममा राज्य सरकारका धेरै मन्त्रीहरू र नवनिर्वाचित विधायकहरू पनि उपस्थित थिए। शपथ ग्रहण गरेपछि, तापस रायले आज अनि भोली विधायकहरूको शपथ लिने घोषणा गर्नु भयो, त्यसपछि १५ मईमा सभामुखको निर्वाचन हुने बताउनु भयो। राज्यमा कुल २९४ विधानसभा सिटहरू छन्, तर फल्टा सिट पुन: चुनावको लागि तयार छ। यसबाहेक, मुख्यमन्त्री शुभेन्दु अधिकारी र आम जनता उन्नयन पार्टीका नेता हुमायुन कबीरले दुई-दुई सिट जितेका छन्। फलस्वरूप, बुधबार र बिहीबार कुल २९० विधायकहरूले शपथ लिनेछन्। प्रो-टेम स्पीकर तापस रायले ती सबैलाई शपथ दिलाउनु हुनेछ।

**राशन- पिठो बन्द**

पश्चिम बंगालका नवनियुक्त खाद्य तथा आपूर्ति मन्त्री अशोक कीर्तनियाले हिज राज्यको राशन वितरण सूचीबाट गहुँको पीठो हटाउन आदेश दिनु भएको छ। सार्वजनिक वितरण प्रणालीमा सबैभन्दा धेरै घोटाला र भ्रष्टाचार पीठोसँग सम्बन्धित रहेको उहाँले दाबी गर्नु भएको छ। श्री कीर्तनियाले नयाँ सरकारलाई काम सुरु गर्न एक हप्ताको समय दिनुपर्ने बताउनु भयो ताकि यसको कार्य योजना स्पष्ट पार्न सकियोस्। उहाँले भन्नु भयो, भारतीय जनता पार्टीले आफूलाई महत्वपूर्ण जिम्मेवारी सुम्पेको छ। पार्टीको विश्वास छ कि पश्चिम बंगालमा सबैभन्दा ठूला घोटालाहरू खाद्य तथा शिक्षा विभागहरूमा भएका छन्। उहाँले अब राज्यमा कुनै पनि घोटाला हुन दिइने छैन भनी बताउनु भयो। मन्त्रीले भन्नु भयो, भ्रष्टाचार वा कुनै पनि प्रकारको कुकर्ममा संलग्न व्यक्तिहरूलाई छोडिने छैन, चाहे तिनीहरू अधिकारीहरू हुन् वा मिल मालिकहरू।

**विधानसभा- गेरूवा रङ्ग**

राज्य सचिवालय, नबन्ना र राइटर्स बिल्डिंग पछि, पश्चिम बंगाल विधान सभा नयाँ विधायकहरूको शपथ ग्रहणको लागि विशेष विधानसभा सत्र अघि गेरूवा रंगको बत्तीहरूले उज्यालो पारिएको छ। आजदेखि सुरु हुने विशेष अधिवेशनको प्रत्याशामा विधानसभा भवन र यसको वरपर नयाँ रूपमा सजाइएको छ। राज्यमा सत्ता परिवर्तन पछि, राजधानी कोलकाता र गंगा नदीको किनारमा अवस्थित गंगा शहर हावडाले आफ्नो रूप द्रुत रूपमा परिवर्तन गर्दैछन्। धेरै सरकारी परिसर र सार्वजनिक स्थलहरूमा लामो समयदेखि चलिरहेको नीलो र सेतो रंग योजना अब गेरूवा र सेतोले प्रतिस्थापन गरिएको छ। पहिले, नबन्ना र महाकरणलाई पनि गेरूवा बत्तीहरूले उज्यालो पारिएको थियो। अब, विधानसभा भवनलाई पनि उही तरिकाले सजाइएको छ। विधानसभा परिसर वरपरको रेलिङ, सडक छेउको रेलिङ र पुलिस कियोस्कलाई पनि गेरूवा र सेतो रंगले रंगाइएको छ। नबन्ना र महाकरण वरपरका क्षेत्रहरूमा पनि यस्तै परिवर्तनहरू देखिएको छ।

**राजु बिस्ट**

दार्जिलिंगका संसद राजु बिस्टले एक प्रेस बिज्ञप्ति जारी गर्नु हुँदै पश्चिम बंगालका महिलाहरुलाई ऐतिहासिक वित्तीय सहायता प्राप्त हुने भएकोमा प्रशन्नता ब्यक्त गर्नुभएको छ । उहाले भन्नुभयो मुख्यमंत्री शुभेन्दु अधिकारीको नेतृत्वमा रहेको मंत्रिमंडलली आगामी 1 जून देखि प्रभावी "अन्नपूर्णा भंडार" योजनालाई स्वीकृति दिएको छ । यस योजना अन्तर्गत पात्र महिलाहरुलाई प्रतेक महिना प्रत्यक्ष लाभ हस्तांतरण (डीबीटी) प्रणालीको माध्यम द्वारा उनीहरुको खातामा 3000 रुपियाँ प्राप्त हुनेछ साथै राज्य भरिकै सरकारी बसहरुमा पूर्ण रुपमा निसुल्क बस यात्रा पनि उपलब्ध गराईनेछ ।उहाले भन्नुभयो यो निर्णायक कदमले राज्य भरिकै महिलाहरुसित गरिएको मुख्य चुनावी वाचालाई पूरा गर्दछ । यसले बंगालमा प्रत्येक महिलाको लागि सुरक्षित, शून्य-लागत गतिशीलता सुनिश्चित गर्दै निम्न अनि मध्यम आय भएका परिवारहरुलाई प्रत्यक्ष सहायता प्रदान गर्नेछ । यो योजनाले परिवारहरुलाई बलियो बनाउने , घरेलू आयलाई बढ़ावा दिने अनि पश्चिम बंगालका महिलाहरुको गरिमा अनि स्वतंत्रतालाई दहिलो बनाउने उहाले अझ बताउनुभएको छ ।

**गर्ग चटर्जी पक्राउ**

पश्चिम बंगालमा हिंदीभाषिहरु बिरुद्ध आक्रामक बयानबाजी अनि विवादित अभियानहरुलाई लिएर लगातार चर्चामा रहने संगठन बांग्ला पक्षका संस्थापक गर्ग चटर्जीलाई पुलिसले पक्राउ गरेको छ । उनलाई कोलकाताको देशप्रिय पार्क क्षेत्रबाट हिरासतमा लिईयो । पुलिस सूत्रहरु अनुसार, उनीबाट 24 राउंड कारतूस फेला परिएको छ ।पुलिस अब यो पत्तो लगाउनमा जुटेको छ कि जफत गरिएको कारतूस उनकोमा कसरी पुग्यो अनि त्यो कुन उद्देश्यले रखिएको थियो । मामलामा विभिन्न धाराहरु अन्तर्गत जांच जारी छ अनि गर्ग चटर्जीसित सोधपुछ गरिँदैछ ।

**बंगाल- कर्मचारी नयाँ नियम**

पश्चिम बंगालमा सत्ता परिवर्तन पछि, सरकारी कार्यालयहरूमा कार्य संस्कृति सुधार गर्ने प्रयासहरू तीव्र भएको छ। हिज, राज्य सरकारले राइटर्स बिल्डिंगमा अवस्थित न्याय विभागका सबै कर्मचारीहरूको लागि कडा उपस्थिति नियमहरू लागू गरेको छ। नयाँ नीति अनुसार, सबै कर्मचारीहरू बिहान १० बजेर १५ मिनट भित्र कार्यालयमा आइपुग्नुपर्ने र साँझ ५ बजेर १५ मिनट भन्दा पहिले बाहिर निस्कन दिइने छैन। सरकारी निर्देशनमा सरकारी काम समयमै र व्यवस्थित रूपमा सम्पन्न गर्न यो निर्णय गरिएको उल्लेख छ। कार्यालय आगमन र प्रस्थान समय पहिले तय गरिएको भए पनि, अब कडा नियमहरू घोषणा गरिएको छ। स्रोतका अनुसार, आगामी दिनहरूमा अन्य विभागहरूमा पनि यस्तै नियमहरू लागू हुन सक्छन्।

****** ० ******